
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ५ गते मंगलबार ❑ 22 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सबैको सुझाब समेटेर प्रदेशको योजना बन्छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ४ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सबैको सुझाब समेटेर प्रदेशको योजना बन्ने बताएका छन् । 'आगामी वर्ष योजना बैंक मार्फत छनौट भएका योजनामा बजेट बिनियोजन गर्ने गरि हामीले तयारी गरिरहेका छौं' प्रदेश समन्वय समितिको बैठकमा मुख्यमन्त्री पाण्डेले भने ।

गण्डकी प्रदेश सरकारले दोस्रो पञ्चवर्षिय योजना निर्माण गर्न लागेको र सो क्रममा प्रदेश भित्रका ८५ वटै पालिकाबाट सुझाव लिईने मुख्यमन्त्री पाण्डेले बताए । प्रदेश नीति तथा योजना आयोगले दोस्रो पञ्चवर्षिय योजनाको अवधारणा पत्र तयार गरेको बताउँदै उनले उक्त अवधारण पत्रमाथि जो कोहीले सुझाब दिन सक्ने बताए । 'नीति योजना आयोगले जो कोहीले सुझाब दिन मिल्ने गरि अनलाईनबाट तयार गर्नेछ' मुख्यमन्त्री




पाण्डेले भने 'कार्यपालिकाबाट निर्णय गराएरपनि तपाईहरुले सुझाबपठाउनसक्नुहुन्छ।' स्थानीय तह, जिल्ला समन्वय समिति र प्रदेशको समन्वयमा योजना बैंकमा योजना छनौट हुने मुख्यमन्त्री पाण्डेले बताए । 'कुन योजना स्थानीय तह, कुन प्रदेश र कुन संघले गर्ने भन्ने छनौट गर्न योजना बैंक आवश्यक परेको हो' उनले भने 'ढिलोमा फागुन मसान्त सम्म योजना छनौट गरिसक्ने तयारी छ ।' छनौटमा परेका योजनालाई बजेट बिनियोजनमा प्राथमिकता दिईने उनले बताए ।

'तत्काल सम्पन्न गर्न सकिने योजनाको मात्रै डिपिआर गर्नुपर्छ' मुख्यमन्त्री पाण्डेले भने 'हामी डिपिआर गरेर राख्छौं, सबै योजनामा बजेट पुग्दैन, डिपिआरको खर्च मात्रै धेरै हुन्छ, यस्तो काम रोक्नुपर्छ, जति योजना सम्पन्न गर्न सकिन्छ ति मात्रै डिपिआर गरौं ।' स्थानीय तह, जिल्ला समन्वय समिति र प्रदेशले योजना अनुगमनमापनि सहकार्य गर्ने उनले बताए । प्रदेश मार्फत संचालित योजनाको स्थानीय तह, जिल्ला समन्वय समिति र प्रदेशका जनप्रतिनिधिले अनुगमन गर्ने मुख्यमन्त्री पाण्डेले बताए । स्थानीय तह र प्रदेशलाई बलियो बनाउन आम्दानीको स्रोत पहिचान हुनुपर्नेमा मुख्यमन्त्री पाण्डेले जोड दिए । 'प्रदेश भित्र आम्दानीको स्रोत के छ ? कसरी आफैं आत्मनिर्भर बन्न सक्छौं, हामीले त्यसतर्फ ध्यान दिनुपर्छ' उनले भने 'स्थानीय तहको हकमापनि यो विषय लागु हुन्छ ।' मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा आईतवार र सोमवार प्रदेश समन्वय समितिको बैठक तथा नव प्रर्वतन साँझेदारी कोष कार्यक्रमको समीक्षा कार्यशाला सम्पन्न भएको छ । मुख्यमन्त्री पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका मन्त्रिहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, कर्मचारी लगायतको सहभागीता रहेको थियो ।

## सकियो फिर्के खोलाको सिमाङ्कन, खोलामाथिनै घर

पोखरापत्र संवाददाता
पोखरा, ४ भदौं

पर्यटकीय सहर पोखरास्थित बजारको मध्य भाग भएर बग्ने फिर्के खोलाको प्राकृतिक बहाव पत्ता लगाउने गरी सुरु गरिएको सिमाङ्कनको काम सकिएको छ ।

पोखरा महानगरपालिकाले खोलाको प्राकृतिक बहाव पत्ता लगाउने उद्देश्यले गत साउन ३ गतेदेखी खोलाको सिमाङ्कन गर्न सुरु गरेको थियो । महानगरले एक महिना लगाएर काम गरेको हो । यही भदौ ३ गते सिमाङ्कनको सबै काम सम्पन्न भएको हो ।

पोखरा-१७ बैदामस्थित गाईघाटबाट सुरु गरिएको सिमाङ्कन कार्य पोखरा-१८ को अर्धैरीकुनामा दुईवटा खोल्सी जोडिएको ठाउँभन्दा माथिसम्म पुगेर सकिएको सिमाङ्कन कार्यको नेतृत्व गर्नुभएका महानगरपालिकाका सर्वेक्षक वासुदेव पौडेलले बताउनुभयो ।

पोखराको मध्यभाग भएर बग्ने फिर्केमा मानवीय अतिक्रमण बढेको छ। खोलाको मापदण्डभित्र व्यक्तिगत तथा सार्वजनिक भवन बनाइएका छन् । सिमाङ्कनका क्रममा खोलामाथि घरघरै घर बनेका पाइएको पौडेलले बताउनुभयो। नाप जाँचका क्रममा खोलामाथि अविश्वासिलो ढङ्गले अतिक्रमण गरिएको, स्थायी संरचना निर्माण गरिएको र प्रदूषणलगायतका अवस्था भेटिएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "महानगरले हामीलाई फिर्केको सिमाङ्कनको जिम्मेवारी दिएको थियो। सो जिम्मेवारी सबैको साथ र सहयोगबाट सम्पन्न गरेका छौं । फिर्के अतिक्रमण गरी खोलामाथि सामाजिक सङ्घसंस्था, विद्यालय तथा व्यक्तिगत घर तथा संरचना बनाएको पाइयो ।" पौडेलले सिमाङ्कन भएको क्षेत्रमा पाँच सय ८४ पिल्लर तथा दुई सय ३९ चिह्न खोलाको दायाँबायाँ गाडिएको बताउनुभयो। खोलाको नापजाँचका क्रममा एक सय ४७ भवन मापदण्ड बाहिर निर्माण गरिएको पाइएको बताइन्छ । फिर्केको अतिक्रमण गरी २५ वटा सामाजिक संघ संस्थाका भवन, ८७ कच्ची र ३५ व्यक्तिगत पक्की घर निर्माण गरिएको पाइएको सर्वेक्षक पौडेलले बताउनुभयो । अतिक्रमण गरेर निर्माण गरिएको संरचनामध्ये केहीको आधा भागनै परेको बताइन्छ । बर्खाको समयमा फिर्के खोलामा सिमाङ्कनको काम धेरैनै जटिल भएको बताइन्छ । कतिपय स्थानमा चिह्न लगाउनै गाह्रो भएकाले थप वास्तविक सिमाङ्कनका लागि डिजिपिएस(सेटलाइट) प्रविधि राम्रो हुने बताइन्छ । "हामीले अहिले टेपबाट नाप जाँच गरेका छौं । डिजिपिएस प्रविधिले मापन गर्नसकेको खण्डमा एक इनच पनि दायाँबायाँ हुँदैन । अझ सही डाटा प्राप्त हुन्छ, यसबारेमा महानगर प्रमुखसँग छलफल गर्नेछौं ।" पौडेलले भन्नुभयो ।

महानगरले पहिलो चरणमा खोला भागको यकिन गरिसकेपछि दिगो पर्यटन विकास परियोजनाअन्तर्गत फिर्के खोलाको संरक्षण, सम्वर्द्धन र विशेष सौन्दर्यीकरणको कार्यक्रम सुरु गर्ने महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार फिर्के खोलामाथि निर्माण गरिएका अतिक्रमित संरचना हटाउनका लागि दोस्रो चरणमा ३५ दिने सूचना जारी गरिने छ । महानगरले यसलाई फिर्के कोरिडोरको रूपमा विकास गर्ने र दुवैतर्फ साइकल लेनसहितको पूर्वाधार निर्माण गरिनेछ । प्रमुख आचार्यले भन्नुभयो, "दिगो पर्यटन विकासको अवधारणामा फिर्के खोलाको दुवैतर्फ साइकल


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकीको भौतिक मन्त्रालयले रुग्न आयोजना घटायो

पोखरापत्र संवाददाता
पोखरा, ४ भदौं

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले रुग्न आयोजनाको संख्या घटाएको छ ।

गत वैशाख २९ गते पदभार सम्हालेका मन्त्री रेशमबहादुर जुग्जालीले सोमबार एक सय दिनका कार्यप्रगति विवरण सार्वजनिक गर्दै निर्माण व्यवसायीहरुलाई काममा फर्काएर रुग्न आयोजनाको संख्या घटाएको जानकारी दिनुभयो । "मैले पदभार सम्हाल्दा यस मन्त्रालय अन्तरगतका ४७ वटा आयोजनाको काम रोकिएको थियो," उहाँले भन्नुभयो "३० वटा आयोजनाका निर्माण व्यवसायी काममा फर्किसकेका छन् । १७ वटा आयोजनाका निर्माण व्यवसायीलाई काममा फर्काउन केन्द्रित भएका छौ ।" चालु आर्थिक वर्ष २०८०/८१ मा ३० लाख भन्दा कम बजेटका योजना नबनाएको मन्त्रालयले टुक्रे योजनाको कटौति गरेको छ ।

गत वर्ष एक हजार ८०० योजना रहेकोमा चालु वर्षमा एक हजार एक सय वटा कायम भएका छन् । "विगतमा ठेक्का लागेका आयोजनाहरुलाई निरन्तरता दिन र सम्पन्न गर्न पर्याप्त बजेट व्यवस्था गरिएको छ," मन्त्री जुग्जालीले भन्नुभयो "योजनाको संख्या कम



हुँदा प्राविधिक जनशक्तिलाई भार कम पर्ने, योजना कार्यान्वयन नियमन र अनुगमन सहज हुने, प्रशासनिक लागत घट्ने र उपलब्धी देखिने अपेक्षा गरेका छौ ।" मन्त्री जुग्जालीले पदभार सम्हाल्ने क्रममा गर्नुभएको प्रादेशिक सडक सञ्जाल गुरुयोजनको मस्यौदाका लागि गठन भएको प्राविधिक सहयोग समितिले प्रतिवेदन तयार गर्ने अन्तिम चरणमा पुगेको छ । रु. २१ करोडको आपतकालिन सडक मर्मत सम्भार कोष खडा गरि प्रदेश सरकार अन्तरगतका सडकमा बाहै महिना यातायात सञ्चालन गर्न बर्खा याममा अवरुद्ध सडकहरुको मर्मत सम्भार गरिएको मन्त्रालयले जनाएको छ । गण्डकी प्रदेशका मुख्य र सहायक राजमार्ग तथा जिल्लाका प्रमुख सडकहरुको वैकल्पिक मार्ग पहिचान गरि यातायात सञ्चालनको व्यवस्था मिलाएको मन्त्रालयका उपसचिव टिकाराम पौडेलले जानकारी दिनुभयो । मध्यपहाडी, पोखरा मुग्लीन, कालीगण्डकी कोरिडोर लगायत संघीय सरकारका आयोजना कार्यान्वयनमा गति दिन सहजिकरण र समन्वय गरेको उहाँले बताउनुभयो । चालु आर्थिक वर्षमा रु. १२ अरब भन्दा बढी बजेट बिनियोजन भएको मन्त्रालयले थप तीन सय किलोमिटर सडक कालोपत्र, २५ वटा सडक पुल र २० वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको जनाएको छ । पोखरा उपत्यकामा वि.स. २०७७ मा छ महिना सञ्चालन भएर बन्द भएको मिटरमा ट्याक्सी सञ्चालन गर्ने सेवा यही भदौ १ गतेदेखि पुन सञ्चालन भएको यातायात कार्यालय कास्कीका प्रमुख डिल्ली रिजालले बताउनुभयो । मिटरमा ट्याक्सी सञ्चालन हुन थालेपछि यात्रु ठगिएको र चर्को भाडामा मारमा परेको गुनासो न्युनीकरण हुने अपेक्षा गरिएको छ । सार्वजनिक विद्युतीय सवारी सञ्चालन मापदण्ड २०८० स्विकृत र लागु भएको र २० वर्षे ट्याक्सी विस्थापित गरि विद्युतीय कार दर्ता गर्ने प्रक्रीया अघि बढेको छ । यातायात कार्यालय कास्की सवारी चालक अनुमतीपत्रमा अनलाइनबाट लाइसेन्स नविकरण गर्ने र बिहान ८ बजेदेखि सेवा सञ्चालन भएको छ ।

यातायात व्यवस्था कार्यालय बाग्लुङमा ११ वर्षपछि चार पाङ्ग्रे सवारी साधनको लाइसेन्सको प्रयोगतात्मक परिक्षा सञ्चालन गर्न ट्रायल सेन्टर छनौट भई सम्झौताको तयारी भएको मन्त्री जुग्जालीले बताउनुभयो । बाग्लुङमा चार पाङ्ग्रेको लाइसेन्स सेवा शुरु भएपछि पोखरामा सेवाग्राहीको चाप घट्ने अपेक्षा गरिएको छ । यातायात व्यवस्था कार्यालय कास्की सवारीको अभिलेखलाई डिजिटलाइजेसन गरेको र अन्य कार्यालयहरुमा पनि यो काम गर्न चालु आर्थिक बर्षमा बजेट बिनियोजन भएको छ ।

यातायात क्षेत्रमा नितिगत रुपमा सरल र सेवाग्राहीमैत्री बनाउन यातायात सेवा ऐन संसोधन तथा नियमावली र कार्यबिधी निर्माणको काम भैरहेको मन्त्रालयले जनाएको छ ।

## कोशी प्रदेश सरकारलाई विश्वासको मत

रासस
काठमाडौं, ४ भदौं

कोशी प्रदेश सरकारका मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत पाउनुभएको छ ।

सोमबरा बसेको प्रदेशसभाको बैठकमा मुख्यमन्त्री थापाको पक्षमा ४७ मत र विपक्षमा ३० मत परेको छ ।


बैठकमा १६ प्रदेशसभा सदस्य अनुपस्थित रहनुभएको थियो । संविधानको धारा १६८ को उपधारा ४ बमोजिम आज मुख्यमन्त्री थापाले विश्वासको मत लिनुभएको हो । प्रदेशसभाको अर्को बैठक यही भदौ ६ गते दिनको ३ बजे बस्ने छ ।

## प्रधानन्यायाधीशमा श्रेष्ठ नियुक्त

पोखरापत्र संवाददाता
पोखरा, ४ भदौं

कायम मुकायम प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश पदमा नियुक्त हुनुभएको छ । नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको हो ।

संसदीय सुनुवाई समितिको सोमबारको बैठकले प्रधानन्यायाधिशमा उहाँको नाम सर्वसम्मत अनुमोदन भएको



थियो । सन् १९५९ अक्टोबर १६ मा सिलगढी डोटीमा जन्मनु भएका श्रेष्ठले सन् १९८४ देखि सुदूरपश्चिम क्षेत्रीय अदालतमा शाखा अधिकृतका रुपमा सरकारी सेवामा प्रवेश गर्नुभएको थियो । श्रेष्ठले सन् २००४ मा गोरखा दक्षिणबाहु तेस्रो र सन् १९९१ मा गोरखा दक्षिणबाहु चौथो प्राप्त गर्नुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय पुस्तकालय दिवस पाँच दिनसम्म मनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

'पुस्तौं पुस्ताका लागि पुस्तकालय' भन्ने वाक्यसहित यही भदौ १५ गते १६औँ राष्ट्रिय पुस्तकालय दिवस मनाइँदैछ।

यहाँका पुस्ताकालय पनि रचनात्मक र सन्देशमूलक कार्यक्रमसहित दिवस मनाउने तयारीमा छन् । विसं २००३ मा स्थापना भएको देशकै अग्रणीमध्येको विद्यामन्दिर पुस्तकालय, बागलुङले पाँच दिवसीय कार्यक्रमसहित उक्त दिवस मनाउने भएको छ । दिवसका अवसरमा भदौ ११ देखि नै विविध कार्यक्रम तय गरिएको सो पुस्तकालयका सचिव राजनप्रसाद शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार पहिलो दिन पुस्तकालय परिसर सरसफाइसहित सदरमुकामका चोकमा दिवसको प्रचारात्मक ब्यानर प्रदर्शन गरिनेछ। १२ गते 'पुस्तौं पुस्ताका लागि पुस्तकालय' शीर्षकमा बागलुङ नगरपालिकास्थित माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिने भएको छ।

सोही दिन पुस्तकालयको बाल कक्षमा अध्ययनरत बालबालिकाको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सामग्री वितरण गरिने सचिव शर्माले बताउनुभयो । १३ गते अन्य सामाजिक तथा शैक्षिक संस्थासँगको सहकार्यमा पठन संस्कृतिको विकास र आयामबारे विमर्श कार्यक्रम राखिएको पुस्तकालयले जनाएको छ। १४ गते लागुऔषध प्रयोगकर्ताको उपचार तथा पुनःस्थापना केन्द्रमा पुस्तक उपहार दिने कार्यक्रम राखिएको सचिव शर्माले जानकारी दिनुभयो। भदौ १५ गते पुरस्कार वितरणसहित मूल समारोह आयोजना गरिएको उहाँको भनाइ छ।

"हामीले बर्सेनि पुस्तकालय दिवसलाई विशेषरुपमा मनाउँदै आएका छौँ", सचिव शर्माले भन्नुभयो, "यो वर्ष पठन संस्कृतिको विकास र नयाँ पुस्तालाई पुस्तकालयप्रति आकर्षित गर्ने गरी कार्यक्रम तय गरिएको छ।" राणाकालको प्रतिकूल समयमा खुलेका कारण पनि विद्यामन्दिर पुस्तकालयको अलग्गै पहिचान र गरिमा छ । धवलागिरि क्षेत्रको शैक्षिक, सामाजिक र राजनीतिक जागरणको केन्द्रका रुपमासमेत यस पुस्तकालयलाई लिने गरिन्छ।

स्थापनाकालमा काठमाडौँ उपत्यका हुँदै भारतको दिल्ली, गोरखपुरसम्मबाट भरिया लगाएर ल्याइएका पुस्तक सङ्ग्रह गरेर सुरु गरिएको पुस्तकालयमा अहिले विभिन्न विधाका गरी करिब १७ हजार पुस्तक छन् । पुस्तकालयमा विद्युतीय पुस्तकालय (इ-लाइब्रेरी) पनि सञ्चालित छ। प्रारम्भिक चरणमा विद्यालयको कोठा हुँदै सार्वजनिक पौवामा चलेको पुस्ताकालयले अहिले आफ्नै सुविधासम्पन्न भवनबाट सेवा दिँदै आएको छ । यस पुस्तकालयका संस्थापक दिवङ्गत ओमप्रसाद गौचन र मेघकुमार वैद्य हुनुहुन्छ।



नाग पूजा गर्दै भक्तजन : पोखरा महानगरपालिका-१७ रातोपैरामा नाग पूजा गर्दै भक्तजन। नागको मूर्तिमा विधिवत पूजा गरिसकेपछि घरको मूल ढोकामा नागको तस्बिर टाँसेर पूजा आराधना गरिन्छ। तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# ब्यवसायीसँग वडा कार्यालयको अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

पोखरा महानगरपालिका वडा न. २५ वडा कार्यालयको आयोजनामा सोमबार ब्यबसायी संग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

समृद्ध वडा बनाउन सल्लाह लिन कार्यक्रम आयोजना गरिएको हो । वडामा विभिन्न किसिमका ब्यबसायी तथा उद्योग रहेको छ । वडा शहरीकरण भइरहेको अवस्थामा ब्यबसायी पनि बडी रहेको छ । कोरोना पछि ब्यबसायीमा पारेको असरले ब्यबसायी बन्द हुने अवस्था रहेको वडा अध्यक्ष मोतीलाल तिमिल्सिनाले उल्लेख गर्नुभयो । पर्यटन वृद्धि गर्न पनि ब्यबसायीको हात हुने छ । सहभागीको गुनासोलाई सम्बोधन गर्दै वडा अध्यक्ष तिमिल्सिनाले उद्योग ब्यबसायीले आफ्नो ब्यबसाय गर्दा दर्ता भए पछि कुनै समस्य आउदा वडा जवाफदेही हुने वडा अध्यक्ष तिमिल्सिनाले बताउनुभयो । ब्यबसायी दर्ता गर्दा सुरुमै बिना ब्याज ऋण दिने महानगरपालिकाको योजना रहेको उल्लेख गर्नुभयो।

सहभागीको जवाफ दिदै वडा सदस्य कृष्णबहादुर कुँवरले उद्योग तथा ब्यबसायीको अभिलेख गरेको बताउनुभयो । बाहिर टिप्पणी गर्नु भन्दा जनप्रतिनिधि संग सम्पर्क गर्न आग्रह गर्नुभयो । वडा सदस्य धनाकुमारी पोखरेल तिमिल्सिनाले समस्य समाधान गर्न वडा पुलको काम गरेको उल्लेख गर्दै वडा साथमा भएको बताउनुभयो । गत आर्थिक वर्षमा १३८ नयाँ दर्ता भएको र ३७५ नवीकरण भएको वडा सचिव सुबोध खनालले जानकारी दिनुभयो । कोरोनाले थल परेको अवस्थामा कर तिर्ने बनाउनु पर्नेमा कर बडाउदा ब्यबसायीलाई मार परेको गुनासो रहेको छ।

त्यस्तै फोर ब्यवस्थापनमा तला हेरेर नभइ धरबाट कति फोहोर निस्कन्छ त्यसको आधारमा कर लिनुपर्ने माग रहेको छ। ब्यबसायीले दर्ता गर्नु पर्ने र के को लागि ब्यबसायी सुरु गरिएको हो सोही सम्बन्धि ब्यबसायी गर्नुपर्ने सहभागीको भनाइ छ । ब्यबसायी गर्दा दर्ता भए अनुसार ब्यबसाय गर्नुपर्ने तथा अनुगमन गर्नुपर्ने उल्लेख भएको थियो । एउटै पसलमा धेरै थरिका सामाग्री हुदा स्वास्थ्यमा साथै ब्यबसायमा पनि असर परेको सहभागीको धारण छ । कर तिरेपछि वडाले ब्यबसायीलाई सुरक्षा दिनुपर्ने उल्लेख गर्दै आर्थिक मन्दीमा कर छुट दिनुपर्ने माग छ । त्यस्तै ३ तहको सरकारमा कर तिर्दा मर्कामा परेको गुनासो आएको छ। ब्यबसायीले व्यापार बडाउन यातायातको भुमिका रहने बताउदै गाउँ पालिकाबाट आउने बस र जिपलाई मिलनचोकमा रोक्ने व्यवस्था मिलाउन माग गरिएको छ । पसल दर्ता गरेर सञ्चालन गर्ने ब्यबसायीको अगाडि साईकलमा सामाग्री बिक्री गर्नेलाई वडाले व्यवस्थापन गर्नुपर्ने ब्यबसायीको माग छ । सो अवसरमा माछापुच्छे निर्माण समितिले वडालाई ज्ञापनपत्र बुझाएको छ।

वडा अध्यक्ष मोतीलाल तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालन सुचना अधिकृत ईश्वरीप्रसाद बाँस्तोलाले गर्नुभएको थियो।

# समाजवादी मोर्चाले सातै प्रदेशमा सभा गर्ने

**रासस**
काठमाडौं, ४ भदौं

समाजवादी मोर्चाको यही भदौ ८ गतेदेखि सातै सभा गर्ने निर्णय गरेको छ।

सोमबार बिहान नेकपा (एकीकृत समाजवादी) पार्टीको केन्द्रीय कार्यालय आलोकनगरमा बसेको उक्त मोर्चाको बैठकले सातै प्रदेशमा सभा गर्ने निर्णय गरेको नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रमेश हमालले जानकारी दिनुभयो । उहाँका अनुसार बैठकले यही भदौ ८ गते मधेस प्रदेशको वीरगञ्जमा, १२ गते लुम्बिनी प्रदेशको बुटवलमा, १३ गते सुदूपश्चिम प्रदेशको धनगढीमा, १४ गते कर्णाली प्रदेशको सुर्खेतमा, १५ गते गण्डकी प्रदेशको पोखरामा, २३ गते बागमती प्रदेशको हेटौँडामा तथा २५ गते कोशी प्रदेशको विराटनगरमा सभा गर्ने निर्णय गरेको छ। सोही घोषणासभाबाट प्रदेश मोर्चाको गठन गरिने निर्णय भएको उपाध्यक्ष हमालले बताउनुभयो । यसैगरी बैठकमा सरकारको कामको समीक्षा, समसामयिक राजनीतिक घटनाक्रमलगायतकासरकारलेथालेको भ्रष्टाचारविरुद्धको अभियानलाई समर्थन गर्नेलगायतका विषयमा छलफल भएको जनाइएको छ।

मोर्चामा नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) पार्टी र विप्लव नेतृत्वको नेकपा आवद्ध छन्।

# कागबेनी बाढी पीडितलाई राहत र नदीमा तटबन्धका लागि आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

अनन्त श्रीविभूषित मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्य श्रीजी महाराज (मुक्तिनाथ बाबा) ले गत साउन २९ गते मुस्ताङको कागबेनीमा गएको बाढीका कारण पीडित सर्वसाधारणलाई तत्काल राहत र नदीमा दीर्घकालीन तटबन्धको व्यवस्थाका लागि आग्रह गर्नुभएको छ।

पोखरामा सोमबार आयोजित पत्रकार सम्मेलनमा उहाँले उक्त दिनको बाढीका कारण ३५ वर्ष पहिलेबाट निःशुल्क भोजन र आवासको सेवा प्रदान गर्दै आएको मुक्तिनाथ अन्नदान क्षेत्र कागबेनीका सम्पूर्ण भौतिक संरचनामा क्षति पुग्नुका साथै स्थानीयवासीले ठूलो क्षति व्यहोर्नुपरेको बताउनुभयो । बाढीका कारण अतिथिको भोजन आवासका लागि आवश्यक खाद्यन्न, विस्तारा, सिरक डसना, कम्बल, सय जना लागि भोजन बनाउने ठूलाठूला भाँडाहरू, ३० वटा सिलिण्डर, मन्दिरका बहुमूल्य गहना, चाँदीका भाँडाकुँडा लगायत सम्पूर्ण भौतिक संरचना गरी करिब पाँच करोड बराबरको क्षति भएको उहाँले जानकारी गराउनुभयो । तीर्थयात्रीहरूले अहिलेसम्म प्राप्त गरेको आधार गुमाउनु पर्दा आफूहरू दुःखित भएको उल्लेख गर्दै उहाँले त्यसभन्दा पनि स्थानीयवासीले सामना गर्नुपरेको दुःखले अझै चिन्तित बनाएको बताउनुभयो। विपद्को यस अवस्थामा नेपाल तीर्थस्थल विकास राष्ट्रिय समिति र अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्टका माध्यमबाट यथासम्भव आपतकालीन राहत उपलब्ध गराउने जानकारी गराउँदै उहाँले भन्नुभयो, "सङ्घ प्रदेश र स्थानीय तहसँग वास्तविक पीडित वर्गलाई क्षतिपूर्ति उपलब्ध गराई सो क्षेत्रमा पुनः यस प्रकारको दुःखद घटना नदोहोरियोस् भन्नका लागि नदीमा दीर्घकालीन तटबन्धनका कार्य गरिदिन आग्रह गर्दछौं ।" सहयोगका लागि विभिन्न व्यक्ति एवं संस्थासँग निरन्तर समन्वय गरिरहेको उहाँले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय मुस्ताङ र स्थानीय तहसँग सम्पर्क गरी सिधैं पीडितसँग पुग्ने प्रकारले यथासम्भव सहयोग गर्न पनि उहाँले सबैसँग आग्रह गर्नुभयो । पत्रकार सम्मेलनमा मुक्तिनाथ सन्तसेवा आश्रम रामघाटका अध्यक्ष महेश पराजुली, आचार्य सुदर्शन, उद्धव शर्मा लगायतले कागबेनीमा बाढीका कारण अपुरणीय क्षति भएको बताउँदै राहत तथा उद्धारका लागि सबैसँग आग्रह गर्नुभयो।

# विद्यालय नाटक महोत्सव भदौ २७ देखि

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

पोखरामा यही भदौ २७ गतेदेखि विद्यालय नाटक महोत्सव हुने भएको छ । सो महोत्सव आगामी असोज १२ गतेसम्म चल्ने पोखरा थिएटरका अध्यक्ष एवं महोत्सव संयोजक परिवर्तनले जानकारी दिनुभयो।

'विद्यालयमा रङ्गमञ्च, अर्थपूर्ण बाल सहभागिताको आधार' भन्ने नाराका साथ हुन लागेको महोत्सवको लोगो पनि सार्वजनिक गरिएको छ।


पाँचौं संस्करणको उक्त महोत्सवमा कूल १५ वटा नाटक मञ्चन हुने र त्यसअन्तर्गत पोखरा महानगरपालिकाभित्रका विद्यालयका १४ नाटक रहने उहाँले जानकारी दिनुभयो । अतिथि नाटकका रुपमा काठमाडौँबाट थप एक नाटक मञ्चन हुने जनाइएको छ।

गन्धर्व नाटकघरमा महोत्सव अवधिभर हरेक दिन एक/एक वटाका दरले नाटक मञ्चन गरिनेछन् । पोखरा थिएटरले २०७६ मा पोखरा महानगरपालिकास्तरीयविद्यालयनाटक महोत्सव गरेकामा त्यसपछि गण्डकी प्रदेशस्तरीय विद्यालय नाटक महोत्सव आयोजना गरिएको थियो । लगातार तीन वर्षसम्म प्रदेशस्तरीय विद्यालय नाटक महोत्सव आयोजना गरेको उक्त थिएटरले यसपटक पोखरा विद्यालय नाटक महोत्सव आयोजना गर्न लागेको हो। थिएटरमा भइरहेका गतिविधिका कारण पछिल्लो समयमा थिएटरप्रति विद्यार्थीको आकर्षणसमेत बढ्न थालेको अध्यक्ष परिवर्तनले बताउनुभयो।

## सकियो ...

लेनसहितको फुट ट्र्याक बनाइने छ । यो पोखराको पर्यटन गन्तव्य बन्नेछ, यसको संरक्षण, विकास र सौन्दर्यीकरण एक साथ गरिनेछ ।" महानगरका अनुसार फिर्केमा अतिक्रमित संरचना हटाइसकेपछि मात्र पर्यटन विकास परियोजना लागू हुनेछ।

फिर्के खोलाको सिमाङ्कन टोलीमा इन्जिनियर, सर्वेक्षक र अमिनसहित ४० जना परिचालित भएका थिए । पोखरा-१८ स्थित सराङकोटको फेदी अँधेरीकुनाबाट सुरु भएर प्रस्याङ, मालेपाटन, बुलौँदी हुँदै फिर्केखोला फेवातालमा गएर मिसिन्छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# संविधान मिच्ने काममा निरन्तरता

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले प्रदेश सभामा सभाध्यक्षले दिएको मत लिएर पाएको भनिएको विश्वासको मत विवादमा तानिएको छ। विपक्षी दल एमालेले विश्वासको मत लिने क्रममा सत्ता गठबन्धनले संविधान मिचेको आरोप लगाउँदै त्यसलाई अस्वीकार गर्ने बताएको छ । प्रदेशसभा बैठकको अध्यक्षता गरेका इस्राइन मन्सुरीले नेकपा एमालेका प्रदेशसभा सदस्यहरुको नाराबाजीका बीच मुख्यमन्त्री थापाको विश्वासको मत लिने प्रस्तावको पक्षमा बहुमत अर्थात ४७ मत परेको घोषणा गरेका छन । प्रस्तावको विपक्षमा ३० मत परेको थियो ।

उपसभामुखको अनुपस्थितिमा सोमबारको बैठकको सभाध्यक्ष गरेका इस्राइल मन्सुरीले भोटिङका क्रममा सांसद गीता तिम्सिनालाई बोलाएपछि संसदमा हंगामा सुरु भएको थियो । उहाँले गीतालाई सभाध्यक्ष गर्न दिएपछि सोही क्रममा थापाको पक्षमा भोट त हाले तर विपक्षी दलका सांसदले चर्को नाराबाजी गरे । नाराबाजीका बीच फेरि सभाध्यक्ष गरेर मन्सुरीले थापाले प्रदेशसभाको विश्वासको मत पाएको घोषणा गरे । गत साउन १६ गते मुख्यमन्त्रीमा नियुक्त भएका थापाले सोमबार विश्वासको मत लिएका हुन् । कोशी प्रदेशसभाबाट विश्वासको मत लिने क्रममा सभाको अध्यक्षताले पनि मतदान गरेपछि संविधानको ठाडै उल्लंघन हुने संविधानविद्हरूले बताएका छन् । सभाको अध्यक्षता गर्ने व्यक्तिले दुवैतर्फ मत बराबर भएमात्र निर्णायक मत दिन पाउने संवैधानिक व्यवस्था रहेको छ। संविधानको धारा १८६ मा भनिएको छ, 'प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ। अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन । तर, मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।'

विश्वासको मत लिने प्रयोजनमा भने उपस्थित सदस्यको नभएर तत्काल कायम रहेको प्रदेश सभा सदस्यको संख्याको बहुमत आवश्यक पर्ने कुरा संविधानको धारा १८८ को उपधारा ३ मा उल्लेख छ। त्यसैले गठबन्धनले सभामा उपस्थितको बहुमत देखाएर विश्वासको मतको बहुमत जुटाउने भने पनि संविधानको धारा १८८ ले नदिने र तत्काल कायम रहेको संख्याकै बहुमत आवश्यक पर्ने भनेको छ। मुख्यमन्त्रीलाई विश्वासको मत दिने क्रममा संसदीय व्यवस्था र अभ्यासको उल्लंघन गरिएको छ। बैठकको अध्यक्षता गरिरहेका कांग्रेसका सांसद इस्राइल मन्सुरीले मतविभाजन भइसकेपछि सांसदहरूलाई मत सच्याउनका लागि समय दिएको बेलामा आफैँले विश्वासको मतदान गरेका छन् ।

प्रदेशसभाको बैठकमा अध्यक्षता गरेका थिए। उनले सांसदहरूलाई मुख्यमन्त्री उद्धव थापाले राखेको प्रस्तावको पक्ष, विपक्ष र तटस्थमा मतदान गर्न समय निर्धारण गरे । सांसदहरूले आ-आफ्नो नामको पछाडि रहेको दस्तखत महलमा दस्तखत गरेका थिए। मतविभाजनको समय सकियो । त्यसपछि सांसदहरू आ-आफ्नो सिटमा फर्किए । सांसदहरूले पक्ष र विपक्षमा मतदान गरिसकेपछि पक्षका सांसदको मत संकलन गरिरहेका प्रदेशसभा सचिवालयका कर्मचारीले मन्सुरीलाई हस्ताक्षरका लागि आउन संकेत गर्छन् । मन्सुरी भने मतदानका लागि झर्दैनन् । बरु उनी घोषणा गर्छन्, 'माननीय सदस्यहरू अब म माननीय सदस्यहरू मध्ये कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहनुहुन्छ भने ३ मिनेटको समय दिएको छु। दिएको समयसीमाभित्र आफ्नो मत सच्याउन सक्नुहुनेछ ।'

यो घोषणापछि प्रदेशसभा सचिव गोपालप्रसाद पराजुली सभामुखको सिटमा बसिरहेका मन्सुरीसँग कानेखुसी गर्छन् । तीन मिनेटको मत सच्याउने घण्टी बजाइन्छ। घण्टी बजिसकेपछि मन्सुरी भन्छन्, 'अध्यक्ष मण्डलका सदस्य माननीय गीता तिमिल्सिनालाई सभामुखको आसनमा राखेर पक्षमा हस्ताक्षर गरेर प्रणालीको धज्जी उडाउने काम भएको छ। कोशी प्रदेशमा मुख्यमन्त्री थापाले विश्वासको मत प्रकरणले अब फेरि कोशी प्रदेश सभाको निर्णयमा संवैधानिक प्रश्न खडा भएको छ। मन्सुरीले हालेको मतको प्रक्रिया पनि फरक छ। उनले मतदान भइसकेपछि मत सच्चयाउन दिएको समयमा आफ्नो मत प्रयोग गरेका छन् । जबकी संसदीय प्रक्रियामा पहिले मत दिइन्छ त्यसपछि सच्चाउने समय पाइन्छ ।

तर पहिले मत नै नदिएका व्यक्तिले मत सच्याउने समयमा गएर हालेको मतको वैधानिकता के हुने भन्ने प्रश्न समेत उठेको छ। असार २० मा तत्कालीन सभामुख बाबुराम गौतमसमेतको हस्ताक्षर प्रदेश प्रमुख परशुराम खापुङकहाँ बुझाएर मुख्यमन्त्री कार्यालय छिरेका कांग्रेस कोसी प्रदेशसभा संसदीय दलका नेता थापालाई प्रदेश सभाबाट विश्वासको मत नलिँदै सर्वोच्चले असंवैधानिक ठहर गरी साउन ११ मा पदमुक्त गरिदिएको थियो । गठबन्धनले शुरुदेखि गर्दैआएको संविधान मिच्ने कामले निरन्तरता पाएको छ।संविधानको रक्षाका लागि गरिएको गठबन्धनले पटकपटक संविधान मिच्ने र संसदीय प्रणालीको हुर्मत लिनेकाम अति भएको छ। यसले राजनीतिलाई बिक्रित बनाएको छ।


**तपाईको आज**

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बाढीले जोमसोम-कोरला सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ भदौं

खहरे खोला उर्लिएर आएपछि जोमसोम-कोरला सडक अवरुद्ध भएको छ । राष्ट्रिय गौरवको आयोजना कालिगण्डकी करिडोरअन्तर्गत पर्ने सो सडक आइतबार रातिदेखि अवरुद्ध भएको हो ।

मुस्ताङको बारागुङ मुक्ति क्षेत्र गाउँपालिकाको ताङ्बे भन्ने स्थानमा खहरे खोलामा आएको बाढीले सडक ठप्प बनाएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी अनुप केसीले जानकारी दिनुभयो । सडक अवरुद्ध हुँदा उपल्लो मुस्ताङमा सिधा यातायात सञ्चालन हुन नसकेको प्रजिअ केसीले बताउनुभयो । गत साता कागखोलामा आएको बाढीले गर्दा अवरुद्ध बनेको जोमसोम-कोरला सडक केही दिनमै सञ्चालनमा आएको थियो । आइतबार रातिको बाढीले पुनःअवरुद्ध बनाएपछि जोमसोमदेखि कोरला पुग्ने र उपल्लो मुस्ताङदेखि जोमसोम, पोखरा, काठमाडौँलागायतका स्थानमा जाने सवारीसाधन ठप्प भएको उहाँले जानकारी दिनुभयो । उपल्लो मुस्ताङबाट फर्किने आन्तरिक तथा बाह्य पर्यटक समस्यामा परेका छन् । जोमसोमदेखि उपल्लो मुस्ताङ पुग्ने वैकल्पिक सडक भने छैन । खोलामा बाढीको बहाव घट्दै गएको हुँदा आज साँझसम्म सडक खुलाउने प्रयास भइरहेको प्रजिअ केसीले बताउनुभयो । "हिजो राति खहरे खोलामा बाढी आएपछि उपल्लो मुस्ताङसँग सिधा यातायात हुन सकेको छैन, सडक खुलाउनका लागि मेसिन प्रयोग भएका छन्, आज साँझसम्म खुलाउने कोसिस गरेका छौँ", प्रजिअ केसीले भन्नुभयो, "कागखोलामा बाढी आउँदा केही पर्यटकलाई जोमसोमसम्म झारेका थियौँ, अहिले पनि केही पर्यटक माथिल्लो मुस्ताङमा हुनुहुन्छ, पैदल यात्रा गर्ने ठाउँ पनि रहेको हुँदा धेरै समस्या पर्दैन, साँझसम्म गाडी नै सञ्चालन होला भन्ने अपेक्षा छ ।"

# दरमका असला माछा मार्न रोक

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ भदौं

बागलुङको गलकोट नगरपालिकाले दरमखोलाका माछा मार्न रोक लगाएको छ । दमखोलाको असला माछा लोप हुने खतरा बढेको भन्दै माछा मार्न रोक लगाइएको नगरपालिकाले जनाएको छ।

दरमखोलाको माछा नेपालमै चर्चित र स्वादिष्ट रहेको तथा गलकोटको पहिचानसँग जोडिएको भन्दै संरक्षणका लागि माछा मार्न रोक लगाइएको हो । दरमखोलाका माछाको माग उच्च भएपछि गैरकानुनी र परम्परागत दुवै तरिकाले माछा मार्न रोक लगाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गङ्गाबहादुर भुजेलले जानकारी दिनुभयो । दरमखोलाको असला माछाको संरक्षण र दीगो उपयोगिताका लागि जलचर संरक्षण नीति, कार्यक्रम र बजेटसमेत ल्याइएको जनाउँदै भुजेलले भदौ र असोजमा दरमखोलामा माछा मार्न पूर्णरुपमा प्रतिबन्ध लगाइएकाले अटेरी गर्नेलाई जरिवाना गरिने बताउनुभयो । "यहाँको पहिचानसँग जोडिएको दरमखोलाको असला माछा संरक्षण गर्ने नगरपालिकाको नीति छ, नगरपालिकाले जलचर संरक्षण कार्यविधि २०८० बनाएर कार्यान्वयन थालेको छ", उहाँले भन्नुभयो, "विशेषगरी वर्षा ऋतुमा असला माछाले फुल पार्ने अवधि भएकाले भदौ र असोजमा माछा मार्न प्रतिबन्ध लगाइएको हो, प्रतिबन्धको उल्लङ्घन भए कार्यविधिको दफा १४ बमोजिम रु एक लाखसम्म जरिवाना गर्नेछौँ ।" असोज पछि भने परम्परागत तरिकाले माछा पार्न पाइनेछ । यहाँको असला माछा विदेशमा समेत कोसेलीका रुपमा निर्यात हुने गरेको छ । निकै स्वादिष्ट मानिने दरमखोलाको माछा लोप हुन थालेपछि नगरपालिकाले संरक्षणको नीति बनाएको हो । बागलुङको ताराखोलादेखि गलकोट हुँदै बडिगाडमा मिसिन पुग्ने दरमखोलाको असला माछा धेरै पाइनेमध्येको खोला रहेको स्थानीयको भनाइ छ। यहाँको चिसो पानीमा पाइने माछा सबैको रोजाइमा पर्छ ।

यहाँ परम्परागत शैलीमा ढडिया र जाल हालेर माछा सङ्कलन गरिँदै आएको छ। असला माछा पोखरीमा नपाल्ने र हिउँखोलामा पाइने भएकाले यसको स्वाद अरू पोखरीमा पालिने माछाका प्रजातिको तुलनामा फरक हुने भन्दै माछाका पारखीले दरमखोलाको माछा अत्यधिक रुचाउने गरेका छन् । यहाँका सयभन्दा बढी स्थानीयले दरमखोलाको माछा मार्ने पेसालाई मुख्य आम्दानीको स्रोतका रुपमा लिएका छन् । नगरपालिकाले भदौ र असोजमा माछा मार्न रोक लगाएपछि दरमखोलाका माछा संरक्षणमा ठूलो सहयोग पुग्ने नगरप्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो ।

# भारी वर्षाको सम्भावना

**रासस**
काठमाडौं, ४ भदौं

हाल मनसुनको न्यून चापीय रेखा पश्चिमतिर सरदर स्थानको दक्षिणमा र पूर्वमा सरदर स्थानभन्दा उत्तरतर्फ अवस्थित रहेको छ । यसका साथै नेपालमा हाल भारतको उत्तरप्रदेश, मध्यप्रदेश र आसपासमा रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव रहेकाले वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । देशभर सामान्य बदली रही कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । मङ्गलबार लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको हुने अनुमान गरिएको छ ।

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित भारी र एक-दुई स्थानमा धेरै भारी वर्षा हुने महाशाखाले पूर्वानुमान गरेको छ ।


**बुटिक बिक्रीमा**

**सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।**

**सम्पर्क:**
**९८१५१५६३०३**


# पहिरोले सुवा गाउँका १० परिवार विस्थापित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ भदौं

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ सुवा गाउँमा पहिरोले १० घरपरिवार विस्थापित भएका छन् ।

गत साउन ३२ गते रातिको अविरल वर्षाले गाउँको शिर र पुछारको कालीगण्डकी नदीतिरको खामभित्ता र सुकेबगर क्षेत्रबाट पहिरो गएपछि ती परिवार विस्थापित हुन पुगेका हुन् ।

पहिरोले सुवा गाउँमा एक घर पूर्णरुपमा क्षति भएको छ । स्थानीय सतविर पाइजाको घरमाथिबाट आएको पहिरोले घरमा पूर्णरुपमा क्षति पुऱ्याएको अन्नपूर्ण गाउँपालिका-३ का वडाध्यक्ष रमेश पुर्जाले जानकारी दिनुभयो । उहाँका अनुसार, पहिरोले आठ पहिरोको उच्च जोखिममा छन् भने थप १० घरधुरीसमेत पहिरोको जोखिममा रहेका छन् । दानाको सुवासँगै पुलिबाङ, फगाम, कमेरेडाँडा, तितरलगायतका ठाउँमा समेत पहिरोको जोखिम बढेको छ । सुवा गाउँको शिर र पुछारबाट पहिरो गएपछि गाउँ अन्य ठाउँबाट सम्पर्कबिच्छेद भएको थियो भने सुरक्षित ठाउँमा समेत जान नसक्ने अवस्था आएको थियो । पहिरोको चपेटामा परेका स्थानीयवासीलाई सुरक्षित स्थानमा बसोबासका लागि आवतजावन गर्न आइतबार दानाका स्थानीयले पहिरो पन्छाएर अस्थायी बाटो बनाएका छन् । पहिरोले उच्च जोखिममा रहेका १० घरपरिवारलाई गाउँपालिका र जिल्ला विपद् व्यवस्थापन समितिको पहलमा दानामा लगेर सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । आइतबार सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म गलेश्वरबाट खटिएका प्रहरी टोलीले जिल्ला विपद् व्यवस्थापन समितिले उपलब्ध गराएको टेन्ट र त्रिपाल टाँगेर पहिरो पीडितको लागि बसोबासको पूर्वाधार निर्माण गरेका छन् । पहिरोको उच्च जोखिममा रहेका १० घरपरिवारका ४० जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले जानकारी दिनुभयो । उहाँका अनुसार, सुवालगायत दानाका विभिन्न ठाउँमा पहिरोको जोखिममा परेका स्थानीयवासीलाई गाउँपालिकाले त्रिपाल, टेन्ट, खानेपानीको पाइपलगायतका अत्यावश्यक सामग्रीसमेत वितरण गरेको छ ।

पहिरोको चपेटामा परेको सुवा गाउँको पहिरोको जोखिमको अवस्थाबारे आइतबार गण्डकी प्रदेशसभा सदस्य हरि भण्डारी, गाउँपालिकाका उपाध्यक्ष पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी, वडाध्यक्ष रमेश पुर्जा, सामाजिक विकास समितिका संयोजक ओमप्रसाद फगामी लगायतको टोलीले स्थलगत निरीक्षण गर्नुभएको छ । गाउँको पुछार र शिरानबाट नै पहिरो गएकाले तत्काल रोकथाम गर्न सम्भव नदेखिएकाले स्थानीयवासीलाई सुरक्षित स्थानमा राखेर खाना र बसोबासको प्रवन्ध मिलाउने काममा गाउँपालिकाले ध्यान दिएको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो । अहिले सुवामा सुकेबगर र द्ववारीखोलाबाट गाउँ जोड्ने पदमार्ग अधिकांश पहिरोले बगाएको छ। पहिरोले गाउँको सम्पर्कबिच्छेद गराएको र धेरै घर जोखिममा रहेको देखिएको स्थलगत निरीक्षणमा पुग्नुभएका प्रदेशसभा सदस्य भण्डारीले बताउनुभयो । उहाँले पहिरोबाट घरबारविहीन भएकाको स्थायी पुनःस्थापना र तत्कालको लागि सहज बसोबासको आवश्यक प्रबन्ध मिलाउने काममा प्रदेश सरकारमा समेत आवश्यक पहल गर्ने जानकारी दिनुभयो ।

# बाढीपहिरोको जोखिममा तनहुँ, विपद् प्रतिकार्य योजना तयार

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ भदौं

तनहुँ जिल्ला बाढी, पहिरोको उच्च जोखिममा छ। जिल्लाका १० वटै पालिका बाढी, पहिरो, आगलागी, चट्याङजस्ता विपद्को जोखिममा रहेका हुन् ।

जिल्ला प्रशासन कार्यालयका अनुसार १० पालिकाका अधिकांश वडा बाढी, पहिरोको जोखिममा छन् । विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले बाढी, पहिरोलगायतका जोखिमको प्रभाव न्यूनीकरण तथा पूर्वतयारीका लागि विपद् पूर्वप्रतिकार्य योजना तयार गरिएको जानकारी दिनुभयो ।

योजना कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्ला समन्वय समिति र स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने रिजालले बताउनुभयो। पहिरोको प्रकोपका आधारमा व्यास नगरपालिका, भिमादनगरपालिका,शुक्लागण्डकी नगरपालिका, बन्दीपुर गाउँपालिका, घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र म्याग्दे गाउँपालिका उच्च जोखिममा रहेका छन् । बाढीको प्रकोपका आधारमा भानु नगरपालिका र देवघाट गाउँपालिका उच्च जोखिममा छन् । कार्यालयका अनुसार व्यासका वडा नं १, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ सम्म र १४ का ६२ टोल बस्ती पहिरोको उच्च जोखिममा छन् । भानु नगरपालिकाका-४, ५, ६ र ७ का टोलबस्ती, भिमाद नगरपालिकाका- ३, ५, ७, ८ र ९, शुक्लागण्डकी नगरपालिकाका- ९ र १०, देवघाट गाउँपालिकाका- १, २, ३ र ४, बन्दीपुर गाउँपालिकाका-१, २, ४ र ५ का १० बस्ती, घिरिङ गाउँपालिकाका- २, ३, ४ र ५ का १० बस्ती, ऋषिङ गाउँपालिकाका- १, २, ३, ६, ७ र ८, आँबुखैरेनी गाउँपालिकाका- ४, ५, ६ र म्याग्दे गाउँपालिकाका- १ देखि ७ सम्मका बस्ती पहिरोको जोखिममा छन् ।

यसैगरी व्यासका- १, २, ३, ६, ८, ९, ११ र १३ का ४७ बस्ती, भानु नगरपालिका- १, २, ५, ६, ७, ११, १२ र १३ का बस्ती, भिमाद नगरपालिकाको वडा नं १ का दुई बस्ती, शुक्लागण्डकी नगरपालिकाका-४ र ८ का बस्ती, देवघाट गाउँपालिकाका- १ देखि ५ अन्तर्गतका नदी तटीय क्षेत्र बाढीको जोखिममा छन् ।

बन्दीपुर गाउँपालिका-६ को सामीकोट क्षेत्र, घिरिङ गाउँपालिका- १ को कालीगण्डकी, मैदीखोला र सिरिङ्दी क्षेत्र किनारका बस्ती, ऋषिङ गाउँपालिकाका- १, ३, ४, ५, ७ र ८ का झापुटार र बेलटारका नदी किनारका बस्ती, आँबुखैरेनी गाउँपालिकाका- २, ४, ५, ६ का बस्ती, म्याग्दे गाउँपालिकाका- ३ र ६ को अकला क्षेत्र बाढीको उच्च जोखिममा छन् । प्रमुख जिल्ला अधिकारी रिजालले भन्नुभयो, "मनसुनको समयमा हुनसक्ने विभिन्न प्रकोपका घटना र यसबाट सिर्जना हुने विपद्को अवस्थामा तत्काल खोज, उद्धार तथा राहत वितरणलगायतका कार्य गर्न कार्ययोजना बनाएर अगाडि बढेका छौँ ।" उहाँले सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय समुदायको प्रभावकारी परिचालनबाट राहत तथा उद्धार कार्यलाई जोड दिइएको बताउनुभयो । यो योजनाले मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुग्ने, राहत सङ्कलन एवं उद्धारका लागि सरकारी एवं गैरसरकारी निकायको अधिकतम परिचालन हुने, मनसुनका कारण उत्पन्न हुन सक्ने विपद्मा प्रतिकार्यका लागि सम्बद्ध निकाय तयारी अवस्थामा रहने छन् ।

विपद् व्यवस्थापन समितिले मनसुनको समयमा गर्नुपर्ने पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित निकायको भूमिका र जिम्मेवारी बाँडफाँट गरेको छ। प्रमुख जिल्ला अधिकारीले समन्वयात्मक तथा नेतृत्वदायी भूमिका, आवश्यकताअनुसार प्रदेश तथा केन्द्रीयस्तरमा सहयोग, सुरक्षा निकाय प्रमुखले खोज तथा उद्धारमा सक्रिय, जोखिमको समयमा सुरक्षा व्यवस्था, जिल्ला समन्वय समिति प्रमुखले स्थानीय तहसँग समन्वय र विपद् सम्बन्धित सूचना सङ्कलनमा सहजीकरण गर्नेछन् ।

गाउँपालिकाका प्रमुख तथा अध्यक्षले जोखिमबाट प्रभावित हुनसक्ने जनसङ्ख्याको पहिचान, जोखिमयुक्त ठाउँ, बस्ती तथा समुदायको पहिचान, गाउँपालिका तथा नगरपालिकास्तरको मनसुन पूर्वतयारी कार्ययोजना निर्माण गर्नेछन् । राजनीतिक दलका प्रमुखले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई सल्लाह र सहयोग, स्रोत सङ्कलनका लागि समन्वयकारी भूमिका निर्वाह गर्नेछन् भने नेपाल रेडक्रस सोसाइटीका सभापतिले खाद्य, गैरखाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापन, सूचना सङ्कलन तथा सम्प्रेषणका लागि स्वयंसेवक परिचालन, प्रकोपको समयमा आपत्कालीन आवास एवं बन्दोबस्ती व्यवस्थापनमा सहयोग पुऱ्याउने छन् ।

